# अनुगमन समितिको सूचना

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन २०५३, नियमावली २०६१, आचार संहिता तथा विभिन्न जारी निर्देशनको अधिनमा रही संस्थाका विभिन्न वर्गका सदस्यहरुले निम्न अनुसार पेशा संचालन गर्न हुन जानकारी गराईन्छ ।

१. संस्थाका विभिन्न वर्गका सदस्यहरुले पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी फर्म लिएर सो लाई अध्यावधिक गराई मात्र लेखाव्यवसाय संचालन गर्नुपर्नेछ ।

२. संस्थाका विभिन्न वर्गका सदस्यहरुले लेखापरीक्षण, प्रमाणिकरण तथा परामर्श सेवा कार्य गर्दा संस्थाले जारी गरेका निर्देशन तथा आचार संहिताको पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

३. सदस्यहरुले लेखापरीक्षण वा परामर्श सेवा प्रदान गर्दा विगत वर्षको शुल्कः भन्दा घटीमा सेवा प्रदान गर्न पाईने छैन ।

४. संस्थाका दर्तावाला लेखापरीक्षक सदस्यले लेखापरीक्षण प्रतिवेदन दिंदा प्रमाणित गरिने आर्थिक विवरण अन्तर्गत वासलातमा देखाईएको अचल सम्पती, लगानी, चालु सम्पती र विविध सम्पतीलाई आधार बनाउंदा चालु दायित्व नघटाई वासलातको कुल अंकलाई गणना गरी आफूले पाएको हद सम्मको मात्र वासलातको प्रमाणिकरण गर्न पाइनेछ ।

५. एउटै संस्थाको एकै आर्थिक बर्षको फरक फरक लेखापरीक्षण प्रतिवेदन जारी गर्न नपाईने र त्यस्तो गरेको पाइएमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन २०५३ बमोजिम कारवाही गरिनेछ ।

६. संस्थाका सदस्यहरुले एक आर्थिक वर्षमा अधिकतम १०० वटा संस्थाको मात्र लेखापरीक्षण गर्न पाउने (सो मध्ये पब्लिक लिमिटेड कम्पनी १० वटा मात्र हुने) सीमा तोकेको छ ।

७. संस्थामा लेखाव्यवसायी फर्मको रुपमा दर्ता भई विदेशी लेखाव्यवसायी फर्मसंग सम्बन्धन वा सदस्य भई नेपाल भित्र लेखाव्यवसाय संचालन गर्न संस्थाबाट सो को पूर्व स्वीकृती लिनु पर्दछ ।

८. संस्थाका सदस्यहरुले लेखापरीक्षण प्रतिवेदन पेश गर्दा तथा वित्तीय विवरण प्रमाणिकरण गर्दा प्रमाणिकरण गरिएको संस्थाको वित्तीय विवरण नेपाल लेखामान (NAS) तथा नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) मा उल्लेखित व्यवस्थालाई अवलम्बन गरी तयार गरेको बारे खुलासा (Disclosure) गर्नुपर्ने, लेखापरीक्षण गर्दा नेपाल लेखापरीक्षणमानमा भएका व्यवस्था अनुसार लेखापरीक्षण कार्य सम्पन्न गरी लेखापरीक्षणमा देखिएका कैफियतलाई स्पष्टरुपले लेखापरीक्षण प्रतिवेदनमा समावेश गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

९. संस्थाका सदस्यहरुले लेखापरीक्षकको नियुक्तिपत्र स्वीकार गर्नु अघि पूर्व लेखापरीक्षकबाट सहमति लिएर मात्र गर्नु पर्दछ ।

१०. संस्थाका सदस्यहरुले एकै स्थान/एउटै जनशक्ती तथा भौतिक संरचना प्रयोग गरी कुनै संस्थाको परामर्श सेवा वा आन्तरिक लेखापरीक्षण वा अन्तिम लेखापरीक्षण कार्य गर्दा आचार संहिता २०१४ को पालना गर्नुपर्नेछ ।

११. संस्थाका सदस्यहरुले आफूले लेखापरीक्षण गरेको संस्थाको वित्तीय विवरण स्वयंले तयार गर्नु हुदैन । त्यस्तै सदस्यहरुले अरुबाट वित्तीय विवरण लेखापरीक्षण गराउने गरी वित्तीय विवरण तयार गर्ने कार्य परामर्श सेवा अन्तर्गत पर्ने भएकोले संस्थाको आचार संहिता पालन गर्ने गरी गर्नुपर्ने हुन्छ ।

१२. संस्थाका सम्पूर्ण पेशागत सदस्यहरुले लेखाव्यवसाय संचालन गर्दा ऐनको दफा ३४ अनुसारको आचरणको पालना गर्नुपर्नेछ ।

**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था**
**अनुगमन समिति**